प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

# प्रदेश लेखा नियन्त्रक कार्यालय

प्रदेश नं. १ विराटनगर

मोरङ

आ.व.२०७५/०७६

च.नं.: 682

ईमेल: stco1@fcgo.gov.np
province1.ptco@gmail.com
province1.ptco.localgov@gmail.com
फोन नं.: ०२१-४६३३४०

मिति: २०७६/०२/०७

**बिषयः- वित्तीय तथा भौतिक प्रगति विवरण उपलव्ध गराई दिने सम्वन्धमा ।**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
सवै स्थानीय तहहरु, प्रदेश नं. १ ।

प्रस्तुत विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. १ को च.नं. ५४ मिति २०७५।०३।०३ को आ.व. २०७५/०७६ को वित्त हस्तान्तरण र बजेट कार्यान्वयन सम्वन्धी पत्र प्राप्त भएकै होला ।उक्त पत्रको बुँदा नं. १ देखि ९ सम्ममा गरिएको व्यवस्था अनुसार भए गरेका खर्चको विवरण एवं प्रगति प्रतिवेदन प्राप्त भएपछि मात्र दोश्रो, तेश्रो र चौथो त्रैमासिक अनुदान वापतको रकम निकासा हुने भएको हुँदा वित्तीय समानीकरण अनुदान र सशर्त अनुदान वापतको प्रथम किस्ता पठाइएकोमा, सो को खर्च विवरण पठाउन च.नं. ५३६ मिति २०७५।१२।१८ र चं.नं. ६२५ मिति २०७६।०१।०९ मा लिखित तथा पटक पटक मौखिक अनुरोध समेत गरिएकोमा हालसम्म ७३ वटा स्थानीय तहवाट मात्र प्रतिवेदन प्राप्त भएकोले तत्तत् स्थानीय तहहरुको दोश्रो त्रैमासिक वित्तीय समानीकरण र सशर्त अनुदान वापतको रकम निकासा भइसकेको र विवरण प्राप्त हुन बाँकी रहेका स्थानीय तहहरुको निकासा हुन नसकेको व्यहोरा अनुरोध छ ।

प्रतिवेदन पेश गर्न छुट भएका र निकासा भइसकेका स्थानीय तहहरुले समेत हालसम्मको प्रतिवेदन २०७६ साल जेष्ठ १५ गते भित्र पठाइदिनु हुन अनुरोध छ ।अन्यथा रकम निकासा गर्न बाधा पर्न जाने व्यहोरा समेत अनुरोध छ ।

2076।2।6

अन्तिमकुमार आचार्य
लेखा अधिकृत